# नेपाल पत्रकार महासंघ कास्की शाखाको
# १७ औं साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य

यस समारोहका प्रमुख आमन्त्रित व्यक्तित्वज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यू, सम्पूर्ण अतिथिज्यूहरु, नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्षज्यूहरु, प्रेस स्वतन्त्रता सेनानीज्यूहरु, वरिष्ठ पत्रकारज्यूहरु, नेपाल पत्रकार महासंघका प्रतिनिधिज्यूहरु, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिका प्रतिनिधिज्यूहरु, पत्रकार सदस्यज्यूहरु, विभिन्न संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु, पुरस्कारदाता, वर्तमान कार्यसमितिका पदाधिकारी, सदस्य, साधारण सदस्य एवं उपस्थिति सम्पूर्ण महानुभावहरुमा हार्दिक नमस्कार ।

सर्वप्रथमतः प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाउँदै गर्दा प्राण आहूति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात पत्रकारहरु एवं सामाजिक तथा राजनीतिक परिवर्तनको पक्षमा आन्दोलनमा होमिदा सहादत प्राप्त गर्नुपर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यो ३ वर्ष अवधिमा हामीले ६ जना पत्रकार गुमायौं । महासंघ कास्कीका पूर्व उपाध्यक्ष, गण्डकी प्रदेश समितिका संस्थापक अध्यक्ष एवं महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल, महासंघका संस्थापक सदस्य तिलक आचार्य, साधारण सदस्य यज्ञप्रसाद बास्तोला, जगन्नाथ पौडेल, पत्रकार अनिल शाही र एलिजा क्षत्रीप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछौं । साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

वास्तवमा, नेपाल पत्रकार महासंघ श्रमजीवी सञ्चारकर्मी, पत्रकारको आस्था, निष्ठा र विश्वास बोकेको तपाईं हाम्रो साझा घर हो । महासंघले पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतान्त्रिक संविधानको पूर्ण कार्यान्वयन, सञ्चारकर्मीहरुको हकहित र सूचना तथा सञ्चार क्षेत्रको व्यावसायिक विकासमा निरन्तर काम गर्दै आएको यहाँहरुलाई विदितै छ ।

२०७७ चैत २५ गते सम्पन्न निर्वाचन (पदस्थापन २०७८ चैत ७) सँगै २० सदस्यीय नयाँ नेतृत्व आएको हो । ३ वर्षे कार्यकाल सकिदै गर्दा निर्वाचित गराउनुहुने सम्पूर्णमा फेरि एकपटक हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

महासंघको करिब ७ दशकको यात्रामा सहयोगी मनको अनुकम्पाले ३ वर्षअघि कास्की शाखामा पहिलो पल्ट महिला नेतृत्व आयो । त्यो इतिहास गर्वको विषय हो । तर, नारी पात्रको नेतृत्वको कार्यकाल कस्तो हुने होला भन्ने संशय सुरुका दिनमा उत्तिकै थियो । हामीहरु अग्रजको योगदानले कायम विरासत संस्थागत गर्दै नेपाल पत्रकार महासंघ कास्की शाखालाई नमुना बनाउनतर्फ विभिन्न व्यवधान र प्रतिकूल परिस्थितिबीच हरसमय लागि पर्‍यौं। पत्रकार सदस्यको हकहितसँगै समाजका विभिन्न आयाममा एकाकार गर्दै यो ३ वर्ष अवधिमा दह्रिलो आवाज उठाउन सक्यौं । सिंगो महासंघ हाँक्दै गर्दा भएगरेका तमाम् कामको मूल्याङ्कन गर्ने जिम्मा हजुरहरुको हो । यो अवधिका कार्यसमिति बैठक ४९ र सचिवालय बैठक ६ सँगै करिब सयभन्दा बढी गतिविधि सफल पार्न सहयोग गर्ने सिंगो कार्यसमिति, सल्लाहकार, साधारण सदस्य, अग्रज, अनुज, विभिन्न संघसंस्था लगायत सम्पूर्ण धन्यवादको

पात्र हुनुहुन्छ । उहाँहरुको सहयोग र साथबिना यी कामहरु सायद हुने थिएनन् ।

कोरोनाताका निम्तिएको आर्थिक संकट अझै निमिट्यान्न हुन सकेको छैन । मुलुक अझै पनि आर्थिक संकटमा गुज्रिरहँदा त्यसको प्रत्यक्ष मार सिंगो पत्रकारिताजगत्मा समेत परेको छ । तैपनि पत्रकार तथा सञ्चारकर्मीको क्षमता वृद्धि, हकहित, सुखदुःख, प्रेस स्वतन्त्रतामाथि प्रहारविरुद्ध हामीहरु एकाकार भयौ । जस्तोसुकै दुःख, आपत्विपदमा पनि पत्रकार महासंघ छ है भन्ने आडभरोसा दिलाउन सक्यौं । चाहे त्यो आमसञ्चार विधेयकका लागि नीतिनिर्माण तहमा निरन्तर खबरदारहोस् वा कोरोनाको बेला खोप र प्रियजन गुमाउँदाको कठिन क्षणको साथ ।

समग्रमा महासंघको यो कार्यसमितिले कार्यालयको नियमित कामहरु फत्ते गर्दै नयाँ नयाँ अभ्यासको थालनी पनि गरेको छ । पत्रकारको हकहितका लागि जे जति कामहरु गर्नुपर्ने थियो, त्यो गर्‍यौं । तर यो पूर्ण होइन । गर्नुपर्ने अझै धेरै छन् । महासंघ कास्की शाखाको गरिमा अझै उचाइमा पुर्‍याउन हामीहरुले गरेका कामहरु भने हृदयदेखि नै गर्‍यौं ।

## हाम्रा उपलब्धिहरु (संक्षिप्तमा)

### इ–लाइब्रेरी तथा स्रोत केन्द्र :

स्मार्ट फोन र सामाजिक सञ्जालका कारण मानिसमा अचेल पुस्तकालयको महत्व घट्दो छ । पत्रकारितामा पुस्तकालय साइनो मर्नु हुँदैन । निरन्तर समाचारमै खेल्ने राज्यको चौथो अंग पत्रकारिताजगत्मा त अवश्य पनि ज्ञानको दायरा फराकिलो हुनै पर्छ । तसर्थ पत्रकारको क्षमता अभिवृद्धिसँगै ज्ञान र सूचनामा सहज पहुँचका लागि नेपाल पत्रकार महासंघ कास्कीले **इ–लाइब्रेरी र स्रोत केन्द्र स्थापना** गरेको छ । लामो समय देखिको हाम्रो सपना पुरा हुनु गौरवको विषय हो । महासंघ कास्कीमा अग्रजले देखेको सपना पूरा गर्न पहिलो पल्ट थालिएको यो अभ्यास हाम्रो ३ वर्षे कार्यकालको सबैभन्दा ठूलो र महत्वपूर्ण उपलब्धि हो भन्ने हामीले ठानेका छौं । **करिब ५० लाख** रुपैयाँ लागतमा खोलिएको यो इ-लाइब्रेरी तथा स्रोत केन्द्रमा निर्माणमा गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको आर्थिक सहयोग रहेको छ । यहाँ पत्रकारितासँग सम्बन्धित **करिब १५ सय पुस्तकहरु** संग्रहित छन् । यसलाई डिटिजल पुस्तकालय बनाउँदै आगामी दिनमा सार्वजनिक पुस्तकालयकै रुपमा सञ्चालन गर्ने महासंघको भावी योजना छ । यसले घट्दै गएको पठन संस्कृति विकासमा सघाउ पुग्ने हाम्रो विश्वास छ ।

### पत्रकारको स्वास्थ्यमा सचेत

मानिसको जीवनमा सबैभन्दा ठूलो कुरा स्वास्थ्य हो । स्वस्थ शरीरबिना कुनै पनि कार्य सम्भव छैन । महासंघ कास्कीमा आबद्ध पत्रकारसहित परिवारको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दियौं । विगतमा पोखरा महानगरपालिकाको सहयोगमा थालनी भएको पत्रकार स्वास्थ्य बीमालाई महासंघ कास्कीकै पहलमा गण्डकी प्रदेश सरकारले पनि समेटेको छ । हाम्रो कार्यकालमा सुरुमा २०७८ असार ३१ मा २३० जना पत्रकारको पारिवारिक स्वास्थ्य बीमा गरिएकोमा अहिले पनि पत्रकार शुद्धीकरणका कारण महासंघ बाहिर रहेकाहरुले पनि बीमा सुविधा पाउनुहुनेछ ।

हाम्रो कार्यसमिति निर्वाचित भएको केही महिनामै कोरोनाको महामारीको दोस्रो लहर फैलियो । फ्रन्टलाइनमा रहेर काम गर्नुपर्ने पत्रकारको स्वास्थ्यलाई ध्यान दिँदै निरन्तर स्वास्थ्य सामग्री उपलब्ध गरायौं । समस्यामा परेका पत्रकारका लागि राहत सामग्री लिएर घरदैलोमै पुग्यो । त्यसबेला युवा व्यवसायी किरण बरालले उपलब्ध गराउनुभएको

**६७ हजार** ५ सय बराबरको राहत सामग्री आवश्यकता आधारमा १५ जना पत्रकारलाई हस्तान्तरण गऱ्यौ । कोरोनाविरुद्धको खोप लगाउन छुटेका पत्रकारलाई २०७८ जेठ २९ मा पत्रकार महासंघ परिसरमै खोप लगाउने व्यवस्था मिलायौं । साथै २०७८ असार २५ मा पनि महासंघकै पहलमा दोस्रो मात्रा समेत लगाउन सहजीकरण गऱ्यौं। जिल्ला प्रशासन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय कास्की, पोखरा महानगरपालिकाले सो कार्यमा सहयोग भएको थियो। २०७८ माघ ६ मा महासंघकै समन्वयमा कास्की जिल्लाभरका पत्रकारको लागि बुस्टर लगाउने कार्य भएको थियो । नेलम्बो नेपाल, रेडक्रस कास्की, जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीले कोरोनाविरुद्ध लड्न स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो । यसरी महासंघले क्वीक रेस्पोन्स टिमसमेत गठन गरी पत्रकारको दुःखमा साथी बन्यो ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा २०८० वैशाख २२ मा महासंघमा आबद्ध सदस्यको निःशुल्क दन्त शिविर सञ्चालन गरियो । नेलम्बो नेपालको सहयोगमा भएको शिविरबाट १ सय ४२ जनाले सेवा लिई लाभान्वित हुनुभयो।

**गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० पारितमा दबाब**

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । तैपनि कतिपय बहानामा यसको पूर्ण कार्यान्वयन हुन सकेको पाइँदैन । पत्रकार तथा सञ्चारकर्मीमाथि बेलाबेलामा दुर्व्यवहारका घटना दोहोरिने गरेका छन् । महासंघ कास्की पत्रकार तथा सञ्चारकर्मीको हकहितमा प्रतिबद्ध छ । गण्डकी प्रदेश सरकारद्वारा गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न विधेयकमा समेटिएका कतिपय प्रेस स्वतन्त्रताविरोधी बुँदा हटाउन महासंघ कास्कीकै पहलमा दबाबमूलक कार्यक्रम सञ्चालन गऱ्यौं । साथै, विधेयकमा उल्लेखित त्यस्ता बुँदाहरु हटाउन सरकारको पटक पटक ध्यानाकर्षण गर्नुका लागि सरोकारवालासँग छलफल र सुझावका आधारमा विधेयक पुनर्लेखन गर्नुपर्ने माग राख्यौं। महासंघकै दबाब र खबरदारीका कारण नेपालको संविधानले व्यवस्था गरेको पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टीसँग बाँझिने बुँदा हटाएर 'गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८०' आएको छ । जुन २०८० फागुन २१ मा पारित भइसकेको छ । यसका लागि गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डेसहित गण्डकी प्रदेश सरकारलाई धन्यवाद ।

**पत्रकारको क्षमता वृद्धि** (तालिम, अभिमुखीकरण, प्रशिक्षण, आदि)

महासंघको प्रमुख कार्यमध्ये आफ्ना सदस्यको क्षमता अभिवृद्धि गर्दै फिल्डमा खरो उत्रिन सक्ने बनाउनु पनि एक हो । त्यसका लागि आयोजित विभिन्न विधाका तालिम, अभिमुखीकरण, प्रशिक्षण, आदिमा यहाँहरुको सक्रिय सहभागिताले कार्यक्रम सफल भए । तालिमका लागि पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७८/७९ मा १५ लाख विनियोजन गरेकोमा सोही रकमबाट डिजिटल तालिम एवं लेखनवृत्ति सञ्चालन भएको थियो । आर्थिक वर्ष २०७९/८० मा पनि ५ लाख सहयोग मिलेको थियो र सोही रकमबाट भाषा तालिम एवं पत्रकारितामा स्वार्थको टकाव तालिम सञ्चालन भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा १० लाख विनियोजन भएको र सोही रकमबाट विषयवस्तु लेखन, डिजिटल साक्षरता र महिला संवाद कार्यक्रम सञ्चालन भएको थियो । तालिमहरुमा डिजिटल साक्षरता, सुरक्षा र सूचना अखण्डता तालिम (प्रशिक्षक सन्तोष सिग्देल), विषयवस्तु लेखन तालिम (प्रशिक्षक एकराज पाठक), पत्रकारितामा स्वार्थको टकरावसम्बन्धी तालिम (प्रशिक्षक डा. भानुभक्त आचार्य), भाषा सम्पादन तालिम (प्रशिक्षक शरच्चन्द्र वस्ती), आधारभूत पत्रकारिता तालिम (प्रशिक्षक उमेश श्रेष्ठ र विकास कार्की), डिजिटल पत्रकारिता तालिम (प्रशिक्षक निर्मला शर्मा), एड्भान्स पत्रकारिता तालिम, एआईको प्रयोगबारे कार्यशाला, आदि ।

**पत्रकारिता अध्ययनमा पूर्णछात्रवृत्ति**

पत्रकार महिलालाई लक्षित गरी महासंघ कास्कीको समन्वयमा यसै शैक्षिक सत्रदेखि पत्रकारिता अध्ययनमा पूर्ण छात्रवृत्तिको व्यवस्था मिलाइएको छ । यसबाट विपन्न तथा जेहेनदारतर्फ प्रत्येक वर्ष पाँच जना पत्रकारलाई पूर्ण छात्रवृत्तिमा अध्ययन गर्ने अवसर मिल्नेछ । जोन्टा क्लब अफ पोखराको सहयोगमा ५ जना पत्रकार छनोट गरी सिफारिससमेत भइसकेको सहर्ष जानकारी गराउँदछौं ।

**अमेरिका अवसर**

यस अवधिमा हामीले तालिमको आयोजनामात्र गरेनौं, अमेरिका गई तालिम लिने अवसर समेत पायौं । २०७९ साउनमा शाखा अध्यक्ष विमला भण्डारी अमेरिका सरकारको आयोजनामा वासिङ्टन डिसी, न्यूयोर्क, आयोवा, क्लोराडो, क्यालिफोर्निया लगायतका ठाउँमा भएको इन्टरनेशनल भिजिटर्स लिडरसिप प्रोग्राममा भाग लिनुभयो । एक महिनासम्म चलेको उक्त कार्यक्रममा भाग लिएर फर्किसकेपछि कास्कीबाट त्यहाँ फेरि सहभागी हुने अवसर मिल्यो । पूर्व सहसचिव दीपक परियार हालै तालिम लिएर फर्किनुभएको छ भने उपाध्यक्ष जमुना वर्षा शर्मा हाल अमेरिकामै हुनुहुन्छ ।

**खोजी पत्रकारिताको लागि लेखनवृत्ति**

पत्रकारको क्षमता र दक्षता अभिवृद्धिका लागि महासंघ कास्कीले खोजी पत्रकारिताका लागि धेरै पत्रकार लाभान्वित हुने गरी पहिलो पल्ट लेखनवृत्तिको व्यवस्था गर्‍यो । पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा भएको उक्त कार्यक्रमबाट कास्कीमा क्रियाशील ३६ जना पत्रकारलाई त्यस्तो लेखनवृत्ति व्यवस्था गरिएको थियो ।

**दबाब, सचेतना, खबरदारी**

सञ्चारगृह, पत्रकार तथा सञ्चारकर्मीसँग सम्बन्धित विभिन्न खाले समस्या समाधानमा महासंघले अभिभावकीय भूमिका खेलेको छ । जसमा हामीहरुले चासो लिई लिखित तथा मौखिक रुपमा वकालत गरेर समस्या समाधान गरेका छौं । पत्रकारमाथि भएका आक्रमण, दुर्व्यवहार, दबाब, धम्कीको विरुद्ध हामीहरुले सधैं खबरदारी, दबाब र सचेत गराइरह्यौं । विज्ञप्ति प्रकाशित गरेर हुन्छ कि सम्बन्धित सुरक्षा निकायमा गएर हुन्छ कि, जहाँ पनि हामीहरु खटिरह्यौं। कास्की र यस आसपासमा भए गरेका विपद्मा पनि निरन्तर अपडेटसहित घाइतेको उपचारका लागि सुरक्षा निकाय, अस्पताल, घरपरिवारसँग सहकार्य, मृतकका परिवारसँग भेट, क्षतिपूर्ति, भरणपोषणमा लागिरह्यौं । ती घटना एक दुई वटा मात्र नभई दर्जनौं भएकोले यहाँ उल्लेख गर्न सम्भव भएन । आखिर जे भए पनि यी र यस्ता विपद्का घटनामा सहयोग र साथले सिंगो महासंघ र पत्रकारलाई हेर्ने दृष्टिकोणमा समाजमा सकारात्मक परिवर्तन आएको हामीले महसुस गरेका छौं। महासंघले पत्रकारको पेसागत हकहित र भौतिक सुरक्षाको जिम्मेवारी लिँदै निरन्तर पैरवी गरिरहनेछ ।

**दुःखको साथी**

पत्रकार तथा सञ्चारकर्मीको अभिभावकीय भूमिका निर्वाह गर्दै आएको नेपाल पत्रकार महासंघ कास्कीले हरेकको शोकको घडीमा पनि साथ दिँदै आएको छ । यसबीचमा २७ जना पत्रकार गोविन्द कोइराला, नवराज सुवेदी, अर्पण तिवारी, सुरेश रानाभाट, नरमाया रसाइली, राजु क्षत्री, सूर्य परियार, सञ्जयकिशोर बास्तोला, सुशान्त गाहामगर,

सुदीपराज ढुंगाना, तारा पाखे, सावित्री खनाल, ज्योति हमाल, शान्तिकुमारी राणा, केशव पाठक, रुपनारायण ढकाल, ऋषि खतिवडा, श्रीकान्त सापकोटा, सूर्य बास्तोला, लक्ष्मीनारायण देवकोटा, रोशनी गुरुङ, रमेश पौडेल, कृष्ण थापा, रामजी जिसी, कञ्चन थापा, इन्द्रप्रसाद पौडेल, हेमराज बराललले आफ्नो परिवारका सदस्य एवं प्रियजन गुमाउनुभयो। शोकको घडीमा महासंघतर्फबाट भेटी लिएर भेट्ने जाने तथा श्रद्धाञ्जली अर्पण गर्दै सान्त्वना दिँदै महासंघ दुःखको साथी बन्यो ।

**पत्रकार शुद्धीकरण अभियानमा साथ**

नेपाल पत्रकार महासंघको 'नयाँ सदस्यता र सदस्य नवीकरण सम्बन्धमा शुद्धीकरण मापदण्ड-२०८०' कार्यान्वयनका लागि १५ बुँदे मापदण्डभित्र रहेर कास्की शाखाले पनि कायम ३०८ सदस्यमध्ये २१६ जनाको नवीकरणका लागि महासंघ गण्डकी प्रदेश समितिमा सिफारिस गरेको थियो । तर प्रदेश समितिले २१६ मध्ये फेरि कटौती गरेर १८४ जनाको मात्र नाम महासंघ केन्द्रमा सिफारिस गरेपछि हाम्रो सिफारिसबमोजिमका सदस्यको नवीकरण हुनुपर्ने दबाब दिँदै केन्द्रीय समितिमा पटक पटक ध्यानाकर्षण गराइयो । ३ वर्षको अवधिमा नयाँ सदस्य कायमका लागि ९१ जनाको आवेदन परेकोमा तीमध्ये १८ जनालाई नयाँ सदस्यता प्रदान गर्नू भनी प्रदेश समितिमार्फत केन्द्रीय समितिमा सिफारिस गरिएको ।

**पर्यटनको प्रवर्द्धन एवं अन्तरशाखा भ्रमण**

महासंघले यस बीचमा गण्डकी प्रदेशका पर्वत, बागलुङ र म्याग्दी गरी ३ शाखाको भ्रमण गरेको छ। सो अवसरमा शाखा-शाखाबीच आपसी भाइचारा सम्बन्ध विकासमा सघाउ पुग्नुका साथै अनुभव आदानप्रदान भएको थियो । २०८० जेठमा नेपाल पर्यटन बोर्डको सहयोगमा भएको २ दिने भ्रमण अवसरमा महासंघ कास्कीको भ्रमण टोलीले पर्वत सदरमुकाम कुस्मा र आसपासका पर्यटकीय गन्तव्यको अवलोकन गरी सञ्चारमाध्यमबाट पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको ।

**श्रमजीवी पत्रकार र सञ्चारगृहबीच सहजीकरण**

कतिपय सञ्चारगृह र श्रमजीवी पत्रकारबीच विभिन्न सवालमा उत्पन्न समस्या महासंघसम्म आइपुग्यो । विशेषगरी सञ्चारगृह र पत्रकारबीच पारिश्रमिककै विषयमा बढी समस्या देखिए। त्यसको समाधानका लागि पत्रकार महासंघ कास्कीले त्यस्ता सञ्चारगृहका मालिक र पत्रकारलाई सँगै राखेर विवाद समाधानको पहल गऱ्यौं। कतिपय समस्या समाधान भए। सञ्चागृहबाट निकालिएका पत्रकार पनि पुनः काममा फर्किने वातावरण बन्यो ।

**संघसंस्थासँग सहकार्य र समन्वय**

नेपाल पत्रकार महासंघ कास्की हाम्रै समाजको उपज हो । समाजमा हुने विभिन्न क्रियाकलापमा महासंघको पनि उत्तरदायित्व हुन आउँछ। हामीहरु सामाजिक हकहितका लागि विभिन्न संघसंस्थासँग सहकार्य गर्दै अघि बढ्यौं । कतिपय कार्यक्रममा अरुको सहयोग माग्यौ भने कतिपयमा आफैं सहयोगी बन्यौं । मानवअधिकार, लैंगिक हिंसा न्यूनीकरणसम्बन्धी अभिमुखीकरण, गोष्ठी, महिला संवाद, अन्तरसंवाद, संवाद लगायतका कार्यक्रम भए।

कोरोना महामारीको बेलामा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको समन्वयमा कोरोना महामारीबाट जोगिन सन्देशमूलक सूचना प्रवाह गरिरह्यौं ।

महासंघ कास्कीको पहलमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट प्रदेशभरिका रेडियो, अनलाइन, टिभी र पत्रपत्रिका समेट्ने गरी कोरोनाविरुद्ध सचेतनामूलक विज्ञापन प्रकाशन तथा प्रसारणको व्यवस्था मिलायौं । यसबाट एकातिर सञ्चारगृह सञ्चालनमा थोरै भए पनि सघाउ पुग्यो भने अर्कोतिर कोरोना जोखिम न्यूनीकरणमा टेवा मिल्यो ।

महासंघकै पहलमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयले इन्सेन्टिभको रुपमा सम्पूर्ण मिडियालाई हुने गरी ३३ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

गण्डकी प्रदेश सरकारले गठन गरेको मानवअधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनअन्तर्गत कार्यान्वयन गर्न बनाइएको प्रदेश समन्वय समितिमा नेपाल पत्रकार महासंघ कास्की सदस्यमा मनोनीत भयो ।

## संस्कृति संरक्षण र भाइचारा सम्बन्ध

नेपाली मौलिक पर्व हाम्रा पहिचान हुन् । यसको संरक्षण र जगेर्ना गर्नु पत्रकारिताजगत्का पनि अभिभारा हुन आउँछ। तसर्थ हामीहरुले महान चाड विजयादशमीसहित तिहार, नेपाल संवत्, छठ, इद, ल्होछार, फागूपूर्णिमा, रक्षाबन्धन, हरितालिका तीज लगायतका पर्वलाई विविध कार्यक्रम गरी पत्रकार सदस्यको उपस्थितिमा वार्षिकरुपमा मनाउँदै आएका छौं । विशेष कार्यक्रम आयोजना गरी पत्रकार महिलाबीच तीज विशेष कार्यक्रम तथा फागूपूर्णिमाको रङले त भाइचारा सम्बन्ध विकासमा झनै महत्वपूर्ण भूमिका खेलेको हामीले महसुस गरेका छौं ।

## कार्यालय व्यवस्थापन र सम्पत्तिको रक्षा

महासंघले आफ्नो नियमित कार्यालय व्यवस्थापन गर्नुका साथै सम्पत्तिको रक्षा गरेको छ । महत्वपूर्ण कागजात तथा दस्तावेजहरु भावी पुस्ताका लागि हिफाजत र सुरक्षित राखेका छौं । यसबीचमा हामीले महासंघमा आवश्यक फर्निचर व्यवस्थापन गऱ्यौं । गण्डकी प्रदेश सरकारको सहयोगमा सोफा, दराज, टेबल खरिद गरिएको हो । साथै भवनको मर्मत संभार पहिलो तलामा रङरोगन तथा नयाँ झ्याल र ग्रिल जडान भयो ।

## पुरस्कार र सम्मान

१. जगन्नाथ सिग्देल युवा प्रोत्साहन पत्रकारिता पुरस्कार (२०७८, २०७९ र २०८०)
२. मीना सिर्जनशील पत्रकारिता पुरस्कार (२०७८, २०७९ र २०८०)
३. टंकादेवी तुलसी प्रसाद स्मृति पत्रकारिता पुरस्कार (२०७८, २०७९ र २०८०)
४. गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार (२०७७, २०७८, २०७९ र २०८०)
५. प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान (२०७८, २०७९ र २०८०)
६. पोखरा पत्रकारिता सम्मान (२०७७, २०७८, २०७९ र २०८०)
७. कीर्ति स्मृति पत्रकारिता वृत्ति सम्मान (२०७७, २०७८, २०७९ र २०८०)
८. आर्थिक पत्रकारिता पुरस्कार (२०७८, २०७९ र २०८०)

पुरस्कारहरु प्रदान गरिएको जानकारी गराउँदछौं ।

**अन्त्यमा,**

आज साधारणसभा भएकोले विगतका कामको समीक्षा गर्दै आगामी दिनमा कसरी अघि बढ्ने भन्ने घनीभूत छलफल गर्ने दिन पनि हो । तसर्थ विगतमा अञ्जानवश कुनै गल्ती कमजोरी भए त्यसलाई सुधार्दै राम्रा अभ्यासको निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

अन्त्यमा, यो गौरवशाली संस्था महासंघ कास्की शाखाको उचाइ कायम राख्दै यो अवस्थासम्म ल्याइपुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौं । हामीलाई निरन्तर सहयोग, सल्लाहकार, सुझाव दिनुहुने महासंघका सल्लाहकार, प्रेस स्वतन्त्र सेनानीहरु, केन्द्र तथा प्रदेश कार्यसमिति पदाधिकारी, कार्यसमिति सदस्य, साधारण सदस्य सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

जाँदाजाँदै गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, गण्डकी बिमा बोर्ड, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य निर्देशनालय, जिल्ला जनस्वास्थ्य कार्यालय कास्की, जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला रेडक्रस कार्यालय कास्की, प्रेस काउन्सिल नेपाल, तुलसीदेवी हरिहर फाउण्डेसन ललितपुर, इन्फोमेटिक्स कलेज, मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल, जिल्ला निर्वाचन कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखरा, फ्रि मिडिया नेटवर्क, राष्ट्रिय मानसिक स्वास्थ्य एवं सहायता संगठन (कोशीश) नेपाल, मर्कन्टाइल, डाटा रिसर्च काउन्सिल फर स्टुडेन्ट्स, प्रिक्सा टेक्नोलोजी, इन्टरनेशनल अलर्ट, नेलम्बो नेपाल, गैरआवासीय नेपाली संघ, इन्सेक गण्डकी, महिला मानवअधिकार रक्षक सञ्जाल कास्की, कुटी रिसोर्ट, होटल एल्लो प्यागोडा, होटल दीपसागर, साइमन पार्टी प्यालेस, वर्ल्ड लिंक, ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालि, गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीज्यू, पूर्व मुख्यमन्त्रीहरु पृथ्वीसुब्बा गुरुङज्यू, कृष्णचन्द्र नेपाली पोखरेलज्यू, सुरेन्द्रराज पाण्डेज्यू, पूर्व सञ्चारमन्त्री एवं प्रदेशसभा सदस्य बिन्दुकुमार थापाज्यू, पूर्व मन्त्री सुशीला सिंखडाज्यू, संघ तथा प्रदेशका मन्त्रीहरु, नेपाल पत्रकार महासंघ केन्द्रीय अध्यक्ष विपुल पोखरेलज्यू एवं महासंघ गण्डकी अध्यक्ष नारायण शर्माज्यू तथा केन्द्र र प्रदेशका पदाधिकारी तथा सदस्यज्यूहरु, सञ्चारिका समूह गण्डकी, वान, महासंघ कास्कीका पदाधिकारी, सदस्य, सल्लाहकार, साधारण सदस्य, समाजसेवी किरण बराल, लगायत विभिन्न संघसंस्था, पत्रकारका विभिन्न छाता संगठनहरु, व्यक्ति विशेष एवं सम्पूर्ण सहयोगी मनहरुप्रति हार्दिक धन्यवाद तथा आगामी दिनमा पनि यस्तै सहकार्यको अपेक्षा गर्दछौं । धन्यवाद ।

*जय पत्रकार महासंघ, जय पत्रकारिता ।*

..............................

**विमला भण्डारी**
**अध्यक्ष**

मिति : २०८१।०२।१२

# नेपाल पत्रकार महासंघ कास्की शाखाको १७ औं साधारण सभामा प्रस्तुत सचिवको प्रतिवेदन

१) नेपाल पत्रकार महासंघ कास्कीको १७ औं साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, मञ्चासिन अतिथिगण, पत्रकार महासंघका केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यज्यू, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका पदाधिकारी तथा सदस्यज्यूहरु, शाखाका सल्लाहाकारज्यू, पूर्वअध्यक्षज्यू, प्रेस स्वतन्त्रता सेनानीज्यू, राष्ट्रिय परिषद् सदस्यज्यू, पुरस्कारदाता, कार्यसमितिका पदाधिकारी, सदस्यहरु, सम्पूर्ण साधारण सदस्यज्यूहरु, पत्रकारसँग सम्बन्धित संघसंगठनका अध्यक्षज्यूहरु तथा उपस्थित सबैमा स्वागतसहित हार्दिक अभिवादन व्यक्त गर्दछु ।

प्रेस स्वतन्त्रताको रक्षाका लागि आफ्नो प्राण आहुति गर्नुहुने ज्ञातअज्ञात कलमजीवी तथा विभिन्न कालखण्डमा भएका सामाजिक रुपान्तरण र राजनीतिक परिवर्तनको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यो तीन वर्षको अवधिमा हामीले ६ जना पत्रकारलाई गुमाएका छौं । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिका संस्थापक अध्यक्ष तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल, साधारण सदस्य तिलक आचार्य, यज्ञप्रसाद बास्तोला, जगन्नाथ पौडेल 'गणेश', पत्रकार अनील साही र एलिजा क्षेत्रीप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

२) २०७७/१२/२५ गते भएको निर्वाचनबाट अहिलेको कार्यसमिति निर्वाचित हुँदै गर्दा विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीले देश आक्रान्त बनेको थियो । त्यसबाट पत्रकारिता क्षेत्र पनि अछुतो रहेन । नेपाल पत्रकार महासंघका काम कारबाही पनि प्रभावित भएको यहाँहरुलाई जानकारी नै छ । हामीले गरेको कार्य तथा गतिविधिको समीक्षाका साथै आगमी कार्य योजना बनाउने दिनको रुपमा यो साधारणसभालाई लिएको छु । संस्थाको विधान अनुसार निर्वाचन हुने र नयाँ नेतृत्व आउने क्रम निरन्तर चलिरहन्छ र, विगतमा अग्रजहरुले सुरु गरको तर बाँकी रहेको काम पूरा गर्ने जिम्मेवारी हाम्रो हो भने त्यस अनुरुप हामीले कति गर्न सक्यौं, सकेनौं मूल्यांकनको जिम्मेवारी आदरणीय सदस्यज्यूहरूको हो । तर, सके जति गर्ने प्रयास जारी नै छ ।

३) श्रमजीवी पत्रकारहरुको छाता संस्था नेपाल पत्रकार महासंघ कास्कीको यो महत्वपूर्ण र सम्मानित साधारण सभामा अब म, विगत ३ वर्षमा भएका महत्वपूर्ण काम तथा आगामी योजना प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) पत्रकार पुस्तकालय (इ–लाइबेरी) तथा स्रोत केन्द्र स्थापना** : सञ्चारकर्मीको ज्ञान तथा सूचनाको पहुँचलाई फराकिलो बनाई क्षमता र दक्षता अभिवृद्धि गराउने उद्देश्यसहित नेपाल पत्रकार महासंघ कास्कीको भवनमा पत्रकार पुस्तकालय तथा स्रोत केन्द्र स्थापना भएको छ । यो योजनालाई वर्तमान कार्यसमितिले 'ड्रिम प्रोजेक्ट'को रुपमा लिएको छ । करिब ५५ लाखको लागतमा निर्माण भएको पुस्तकालय तथा स्रोत केन्द्रले पठन संस्कृतिको विकासमा पनि टेवा पुऱ्याउने विश्वास पत्रकार महासंघ कास्कीले लिएको छ । पुस्तकालयमा

पत्रकारितासँग सम्बन्धित लगायत १ हजार ५ सय वटा पुस्तक छन् । यो पुस्तकालयलाई डिजिटल पुस्तकालय बनाउँदै सार्वजनिक पुस्तकालयकै रुपमा सञ्चालन गर्ने योजना पत्रकार महासंघ कास्कीको छ। यो पुस्तकालय स्थापना गर्नमा गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको आर्थिक सहयोग रह्यो । यस अवसरमा गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकालाई धन्यवाद ज्ञापन गर्दछु ।

ख) **पत्रकार क्षमता अभिवृद्धि अभियान** : नेपाल पत्रकार महासंघले आफ्ना सदस्यहरुको हक, हित, क्षमता अभिवृद्धि, सुरक्षा र स्वास्थ्यको सवालमा अभिभावकीय भूमिका निर्वाह गर्ने प्रयास गरिरहेको छ। महासंघका आवद्ध सदस्यहरूको क्षमता अभिवृद्धि गराउन सधैं लागि परेको यहाँहरुलाई सर्वविदितै छ। यो ३ वर्षको अवधिमा पत्रकार महासंघले क्षमता अभिवृद्धिलाई एउटा अभियानकै रुपमा अगाडि बढाएको र यो ३ वर्षमा भएका क्षमता अभिवृद्धिका तालिमहरुको बारेमा छोटकरीमा यहाँ प्रस्तुत गर्दछु ।

१) **डिजिटल साक्षरता, सुरक्षा र सूचना अखण्डता तालिम** : पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको सहयोगमा मिति २०८० माघ २१ र २२ गते डिजिटल साक्षरता, सुरक्षा र सूचना अखण्डता तालिम भएको छ । तालिममा ४० जनाको सहभागिता थियो भने डिजिटल राइट्स नेपालका सन्तोष सिग्देलले सहजीकरण गरेका थिए ।

२) **विषयवस्तु लेखन तालिम** : विषयवस्तु लेखनमा क्षमता वृद्धि गर्न मिति २०८० साल पुस २२ र २३ गते विषयवस्तु लेखन तालिम सम्पन्न भएको छ । पोखरा महानगरपालिकाको सहयोगमा भएको तालिममा ६० बढी पत्रकारहरु सहभागी भएका थिए । तालिममा पत्रकार एकराज पाठक, मोदनाथ ढकाल लगायतले सहजीकरण गर्नुभएको थियो ।

३) नेपाल पत्रकार महासंघ कास्कीको ४७ औं स्थापना दिवसको अवसरमा २०८० असार १२ गते पत्रकारितामा स्वार्थको टकराव सम्बन्धी २ दिने तालिम भएको थियो । उक्त तालिमको प्रशिक्षकमा अटवा युनिभर्सिटी क्यानाडाका प्रा. डा. भानुभक्त आचार्य र नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष प्रा.डा. सुरेश आचार्य हुनुहुन्थ्यो। उक्त तालिममा ७३ जनाको सहभागी थिए।

४) **भाषा सम्पादनसम्बन्धी तालिम** : पत्रकारहरुलाई भाषिक ज्ञानको क्षमता अभिवृद्धि गर्न २०७९ साल फागुन २६ गतेदेखि भाषा सम्पादनसम्बन्धी ३ दिने तालिम आयोजना गरिएको थियो । पोखरा महानगरपालिकाको सहयोगमा भएको तालिममा भाषाविद् शरच्चन्द्र वस्तीले सहजीकरण गर्नुभएको थियो ।

५) **आधारभूत पत्रकारिता तालिम** : नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजना तथा पत्रकार महासंघ कास्कीको संयोजनमा मिति २०७८ साल पुस २८ गते देखि माघ ४ गतेसम्म एक हप्ता आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ । यो तालिममा विगत २ वर्षदेखि पत्रकारितामा क्रियाशील कास्कीका ४० जना सहभागी भएका थिए। यो तालिममा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धमेन्द्र झाले तालिममा सहजीकरण गर्नुभएको थियो ।

६) **डिजिटल पत्रकारिता तालिम** : नेपाल पत्रकार महासंघ कास्की शाखाले प्रविधिमा आएको विकास र इन्टरनेटमा आधारित मिडियासँग सम्बन्धित ३ दिने डिजिटल पत्रकारिता तालिम सम्पन्न गरेको छ। पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा २०७९ जेठ २५ देखि २७ गतेसम्म भएको तालिममा कास्की

शाखाका करिब ४० जना सदस्यहरुको सहभागिता थियो । यो तालिममा पत्रकारहरू उमेश श्रेष्ठ र विकास कार्कीले सहजीकरण गर्नुभएको थियो ।

७) **पत्रकारका लागि लेखनवृत्ति** : नेपाल पत्रकार महासंघ कास्की शाखामा आवद्ध पत्रकारहरुको क्षमता र दक्षता अभिवृद्धि गर्न, लेखनमा निखारताका साथै खोजी पत्रकारिताप्रति प्रोत्साहन गर्न लेखनवृत्ति कार्यक्रम सञ्चालन गऱ्यो । पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित उक्त कार्यक्रममा कास्कीमा क्रियाशील ३६ जना पत्रकार सहभागी हुनुभएको थियो । यो लेखनवृत्ति कार्यक्रम पत्रकारहरुको लेखनशैली सुधार गर्न र खोजी पत्रकारितामा रुची जगाउन प्रेरणादायी भयो भन्ने विश्वास पत्रकार महासंघ कास्कीको छ ।

८) **एड्भान्स पत्रकारिता तालिम** : निरन्तर काम गरिरहेका क्रियाशील पत्रकारहरूलाई कामप्रति उत्साही बनाउन र पुनर्ताजगी सम्बन्धी तालिम, अभिमुखीकरण जस्ता कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास पत्रकार महासंघको छ । गत २०७८ साल पुसमा आधारभूत तालिम लिएकाहरुलाई लेखन क्षमता बढाउन पत्रकार महासंघ केन्द्रको सहयोग र कास्कीको संयोजनमा एड्भान्स तालिम दिइएको थियो । उक्त तालिममा २५ सहभागी भएका थिए। यसमा अग्रज पत्रकार निर्मला शर्माले सहजीकरण गर्नुभएको थियो ।

ग) **पत्रकार महासंघको शुद्धीकरण अभियान** : पत्रकारितालाई व्यावसायिक र मर्यादित बनाउन नेपाल पत्रकार महासंघको सुर्खेतमा २०७९ साल पुस ८ र ९ गते भएको साधारण सभाले तय गरेको सदस्यता शुद्धीकरण अभियान अन्तर्गत कास्कीले पनि निष्क्रिय र अन्य पेशा व्यवसायमा पूर्णकालीन रुपमा आवद्ध भएका सदस्यहरुको नाम हटाई कुल ३ सय ८ जनामा २ सय १६ जनाको मात्र नवीकरण गर्न नेपाल पत्रकार महासंघको गण्डकी प्रदेश समितिका सिफारिस गरेकोमा नेपाल पत्रकार महासंघ गण्डकीले १ सय ८४ जनाको मात्र नाम सार्वजनिक गरेपछि पत्रकार महासंघ कास्कीको बैठक बसी जिल्लाको सिफारिस अनुसार नै सदस्य नवीकरण हनुपर्ने भन्दै पत्रकार महासंघ केन्द्रीय समितिलाई ध्यानाकर्षण गराइएको थियो । पत्रकार महासंघको शुद्धीकरण अभियानमा सघाउन साधारण सदस्य रुपिन्द्र प्रभावी कुट र प्रकाश अधिकारीले स्वघोषणा गरी अभियानलाई सघाउनुभएको थियो । ३ वर्षको अवधिमा ९१ जनाले नयाँ सदस्यका लागि आवेदन दिएकोमा १८ जनालाई सदस्यता प्रदान गर्न पत्रकार महासंघ गण्डकी र केन्द्रीय समितिमा सिफारिस गरिएको व्यहोरा अवगत गराउँदछु ।

घ) **कोरोनाको दोस्रो लहर र महासंघको भूमिका** : हाम्रो कार्यसमिति निर्वाचित भएको केही महिनापछि नै विश्वव्यापी रुपमा फैलिएकोल कोरोना महामारीको दोस्रो लहर फैलियो । कोरोनाको दोस्रो लहरले हाम्रो देश नेपाल र हरेक क्षेत्रलाई नराम्ररी प्रभावित पार्दा हामी पनि यसबाट अछुतो रहने कुरै भएन । संक्रमणकालीन अवस्थामा सचेतना अपनाउँदै जनतालाई सुसूचित गराउने जिम्मेवारी हामीले पूरा गऱ्यौं । यसमा तपाईं हामी सबैको भूमिका उत्तिकै महत्वपूर्ण छ । पत्रकार महासंघ कास्कीमा आवद्ध पत्रकार तथा कास्कीका क्रियाशील पत्रकारहरूको स्वास्थ्यमा ध्यान दिंदै स्वास्थ्य सामग्री वितरणका साथै समस्यामा परेका पत्रकारहरूलाई राहत सामग्री पनि उपलब्ध गराइएको थियो ।

कोरोनाको दोस्रो लहरकै क्रममा नेपालमा कोरोनाविरुद्धको खोप भित्रिन थालेको थियो । फ्रन्टलाइनमा खटिनेहरुलाई पहिलो प्रथामिक राखेर सरकारले खोप उपलब्ध गराएको भएपनि कास्कीमा प्राविधिक तथा विविधि कारणले खोप लगाउन धेरै पत्रकारहरु छुटेको अवस्था थियो भने केहीले लगाउनुभएको थियो । २०७८ साल जेठमा

स्थानीय प्रशासन, पोखरा महानगरपालिका, जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीको सहयोगमा पत्रकार महासंघकै परिसरमा पत्रकारहरुलाई खोप लगाउने व्यवस्था मिलाइएको थियो भने दोस्रो मात्रा र बुस्टर डोज खोप लगाउन पनि पत्रकार महासंघ कास्कीले सहजीकरण गरी सहज वातावरण तयार गरेको यहाँहरुलाई अवगत नै छ। त्यति बेला पत्रकार महासंघ कास्कीले क्विक रेस्पोन्स टिमसमेत निर्माण गरी सहजीकरण गरेको थियो।

ङ.) **चाड पर्व र संस्कृतिको जगेर्ना** : पत्रकार महासंघ कास्कीले नेपालीहरुका महान पर्वको अवसरमा शुभकामना आदानप्रदानको साथै चाडपर्वको मौलिकताको संरक्षणमा टेवा पुग्ने गरी कार्यक्रम गर्दै आएको छ। विजयादशमी, तिहार, छठ, इद, ल्होछार लगायत पर्वको अवसरमा वार्षिक रुपमा शुभकामना आदानप्रदान गरिएको थियो। नेपाली महिलाको पर्व तीजका अवसरमा पत्रकार महिलाहरुको बीचमा शुभकामना आदान प्रदान तथा दर खुवाउने कार्यक्रम पत्रकार महासंघ कास्कीले गर्दै आएको छ। तीज पर्वको सांस्कृतिक पक्षको उजागर र यसको मौलिकतालाई जोगाउन पत्रकार महासंघ कास्कीले २०७८, २०७९ र २०८० सालमा तीज विशेष कार्यक्रम सम्पन्न गरेको थियो। कार्यक्रममा पोखरामा क्रियाशील पत्रकार महिलाको उल्लेख सहभागिता थियो।

यसैगरी रंगहरुको पर्व फागू पूर्णिमामा पनि पत्रकार महासंघ कास्कीले विशेष कार्यक्रम गर्‍यो। आपसी सद्भाव र भाइचारा स्थापित गर्न हरेक वर्ष मनाइँदै आएको फागू पूर्णिमा पनि २०७८, २०७९ र २०८० मा पनि आयोजना गरिएको थियो भने पत्रकारहरुको उल्लेख सहभागिता थियो। यस्ता कार्यक्रमले सदस्यबीचमा अझ बढी भावनात्मक रुपले नजिक ल्याउने वातावरण निर्माण भएको विश्वास लिएको छौं।

च) **प्रेस स्वतन्त्रताको पक्षमा खबरदारी** : नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरे पनि त्यो वातावरण बनिसकेको छैन। यो वा त्यो वहानामा प्रेस स्वतन्त्रता विरोधी कार्य र पत्रकारमाथि दुर्व्यवहारका घटना पनि भइरहेका छन्। यसै सन्दर्भमा गण्डकी प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको आम सञ्चार विधेयकमा रहेको प्रेस स्वतन्त्रता विरोध प्रावधान हटाउन दबाब सिर्जना गर्‍यौं। विधेयकका बारेमा प्रदेश सरकारलाई ध्यानाकर्षणपत्र मार्फत् सरोकारवालाहरुसँगको छलफल र सुझावका आधारमा विधेयकको पुनर्लेखनको मागसमेत गरिएको थियो। पत्रकार महासंघको खबरदारीसँगै प्रेस स्वतन्त्रता विरोधी प्रावधान हटाएर गण्डकी प्रदेश सभाबाट २०८० फागुन २२ गते पारित भएर कार्यान्वयनमा आएको छ।

ञ) **पत्रकारको साथमा महासंघ** : नेपाल पत्रकार महासंघ श्रमजीवी पत्रकारहरुको संस्था हो। यसले अभिभावकीय भूमिका निर्वाह गर्दै आएको छ। पत्रकारहरुको हक, हित, क्षमता अभिवृद्धिको साथै पत्रकारहरुको भौतिक र पेसागत सुरक्षाप्रति महासंघ सधैं चिन्तित छ। पत्रकारमाथि भएको आक्रमण तथा दुर्व्यवहारप्रति पत्रकार महासंघ कास्कीले आवश्यकता अनुसार विज्ञप्ति निकाल्ने, स्थानीय प्रशासन, सुरक्षा निकायलाई दोषीलाई पक्राउ गरी कानुनी कारबाही गर्नका लागि दबाब दिने, क्षतिपूर्ति दिलाउने, माफी मगाउने लगायत कार्यमा पत्रकार महासंघ कास्कीले अभिभावकीय भूमिका निर्वाह गरिरहेको जानकारी गराउँदछौं।

महासंघ परिवारका सदस्य गोविन्द कोइराला, नवराज सुवेदी, अर्पण तिवारी, सुरेश रानाभाट, नरमाया रसाइली, राजु क्षेत्री, सूर्य परियार, सञ्जयकिशोर बास्तोला, सुशान्त गाहामगर, सुदीपराज ढुंगाना, तारा पाखे, सावित्री खनाल, ज्योति हमाल, शान्तिकुमारी राणा, केशव पाठक, रुपनारायण ढकाल, ऋषि खतिवडा, श्रीकान्त सापकोटा, सूर्य बाँस्तोला, लक्ष्मीनारायण देवकोटा, रोश्नी गुरुङ, रमेश पौडेल, कृष्ण थापा, रामजी जिसी, कञ्चन थापा, इन्द्र पौडेल र हेमराज बरालले आफ्ना अभिभावक र पारिवारिक सदस्य गुमाउनुभयो। यस

दुःखद् घडीमा भेटी लिएर भेट्न जाने र श्रद्धाञ्जली अर्पण गर्दै दुःखमा पत्रकार महासंघ पनि सँगै भएको अनुभूति गराउने प्रयास भइरहेको छ।

ट) **मिडिया हाउस र पत्रकारको समस्यामा सहजीकरण** : मिडिया र पत्रकार एक अर्काका परिपूरक हुन्। एक अर्काको परिपूरक हुँदाहुँदै पनि काम गर्ने सिलसिलामा समस्याहरु आउँछन्। विशेष गरी पत्रकार महासंघ श्रमजीवी पत्रकारहरुको छाता संस्था भएकाले उनीहरुलाई परेको समस्यालाई समाधान गर्न पहल गरिएको छ। यो अवधिमा पनि केही सञ्चारमाध्यममा श्रमजीवीले पारिश्रमिक नपाएको मौखिक वा लिखित र जानकारी आएपछि सरोकारवालासँग छलफल गरी समस्याको समाधान गर्न सहजीकरण र समन्वय गरेका छौं।

ठ) **स्थानीय तह र संसदीय निर्वाचनमा समन्वय** : लोकतन्त्रको सुन्दर पक्ष भनेको निर्वाचन हो। मुलुकमा संघीय शासन लागू भएपछि दोस्रोपटक स्थानीय तह र संसदीय निर्वाचन सम्पन्न भएका छन्। यो निर्वाचनलाई सफल बनाउन सञ्चार जगतको पनि उत्तिकै भूमिका रह्यो। निर्वाचनलाई सफल बनाउन सदस्यज्यूहरुले निर्वाह गर्नुभएको भूमिकाप्रति आभार व्यक्त गर्दछु। साथै निर्वाचनका बेला तथा मत गणनाको समयमा सहज ढंगले समाचार संकलन र सम्प्रेषणका लागि पत्रकार महासंघ कास्कीले सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गरेको यहाँहरुलाई सर्वविदितै छ।

ड) **पत्रकारिता पढ्न छात्रवृत्ति** : नेपाल पत्रकार महासंघ कास्कीको समन्वयमा पत्रकारिता पढ्न चाहने पत्रकार महिलालाई लक्षित गर्दै छात्रवृत्तिको व्यवस्था यही शैक्षिक सत्रबाट सुरु गरिएको छ। प्रत्येक वर्ष ५ जना पत्रकारलाई पूर्ण छात्रवृत्तिमा अध्ययन गर्न महासंघले यो वर्ष विद्यार्थीको छनौट गरेर सिफारिससमेत गरिसकेको छ। जोन्टा क्लब अफ पोखराले महासंघको समन्वयमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई स्नातक तहमा छात्रवृत्ति रकम व्यवस्था गरेको हो।

ण) **भवन मर्मत र फर्निचरको व्यवस्थापन** : पत्रकार महासंघ कास्कीको भवन भएपनि पर्याप्त रुपमा फर्निचरको कमी थियो। प्रदेश सरकारको सहयोगमा फर्निचर (सोफा, दराज, टेबल) व्यवस्थापन गरिएको छ। पानी चुहिएर समस्या भएकाले त्यसलाई मर्मत गर्नुका साथै भवनको पहिलो तलामा रंगरोगन गर्नुका साथै नयाँ झ्याल, ढोका र ग्रीलसमेत राखिएको छ। यसले पनि भवनलाई थप व्यवस्थित बनाउन सहयोग पुगेको छ। भवन रहेका हलमा विभिन्न संघ संस्थाले पत्रकार सम्मेलन आयोजना गर्ने क्रमशः बढ्दै गएको छ। यसबाट केही मात्रमा पत्रकार महासंघलाई आम्दानीसमेत भएको छ।

त) **अन्तरशाखा भ्रमण** : पत्रकार महासंघका शाखाकाहरुको बीचमा आपसी सम्बन्ध विस्तार र अनुभव आदान प्रदानका लागि कास्की शाखाले ३ वटा शाखाको भ्रमण गरेको छ। पर्वत, बागलुङ र म्याग्दी शाखाको भ्रमण २०८० जेठ ३१ र ३२ गते गरिएको थियो भने सोही बेलामा पर्वतको कुस्मा तथा वरपरका साहसिक पर्यटकीय गन्तव्यको समेत अवलोकन गरी पर्यटन प्रवर्द्धनमा जोड दिइएको थियो। यो कार्यमा नेपाल पर्यटन बोर्डले सहयोग गरेको थियो। पर्वतका सहासिक पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि मिडियाको भूमिका विषयक अन्तर्क्रियासमेत गरिएको थियो।

थ) **पत्रकार परिवार स्वास्थ्य बिमाको निरन्तरता** : पत्रकार महासंघ कास्कीका आवद्ध पत्रकारसहित परिवारको निशुल्क स्वास्थ्य बिमा यस वर्ष पनि निरन्तरता दिइएको छ। पोखरा महानगरपालिकाको सहयोगमा सुरु भएको बीमा कार्यक्रमलाई गतवर्षदेखि पत्रकार महासंघ कास्कीको पहलमा गण्डकी प्रदेश सरकारले बीमा गर्दै आएको छ। यसलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने र अझ व्यवस्थित गर्नुपर्ने देखिएको छ।

द) **खोजी पत्रकारिताका लागि लेखनवृत्ति** : कास्कीमा क्रियाशील पत्रकारहरुलाई खोजी पत्रकारितामा रुजी जगाउन र व्यावसायिक पत्रकारिताको विकासका लागि लेखनवृत्ति कार्यक्रम पत्रकार महासंघ कास्कीले सञ्चालन गरेको थियो । पोखरा महानगरपालिकाको सहयोगमा सञ्चालित लेखनवृत्तिबाट ३६ जना भन्दा बढी पत्रकार लाभान्वित भएका थिए । आगामी दिनमा पनि यसलाई निरन्तरता दिन पत्रकार महासंघ कास्की कटिवद्ध छ ।

ध) **माछापुच्छ्रेमा महिला संवाद** : ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा २०८० फागुन २१ गते कास्कीको माछापुच्छ्रे गाउँपालिकामा 'महिला संवाद २ माछापुच्छ्रे गाउँको आवाज : सशक्तीकरण' विषयक कार्यक्रम सम्पन्न हुनुका साथै पालिकाका पर्यटकीय गन्तव्यको अवलोकन गरिएको थियो । उक्त कार्यक्रममा स्थानीय महिलाको साथै पत्रकार महिलाको पनि बाक्लो उपस्थिति थियो ।

न) **विविध** : यस अवधिमा ४८ वटा कार्यसमितिको बैठक र १५ वटा सचिवालय गरी ६३ वटा बैठक भएका छन् । यस अवधिमा मानव अधिकार, लैंगिक हिंसा न्यूनीकरणसम्बन्धी अभिमुखीकरण, गोष्ठी, महिला संवादलगायतका अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएका छन् । यो विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**४) भावी योजना**

- पत्रकार महासंघ कास्कीलाई अझ बढी पत्रकारिता र पत्रकारमैत्री बनाउन निरन्तर लाग्नेछौं ।
- पत्रकारिताको मर्म र धर्मअनुसार देश र जनताको पक्षमा आवाज उठाउन सक्रिय रहने छौं ।
- कास्कीका क्रियाशील पत्रकारहरुलाई नयाँ सदस्यता वितरणको साथै सदस्यता शुद्धीकरणमा पनि ध्यान दिने प्रतिवद्धता व्यक्त गर्दछौं ।
- पत्रकार र पत्रकारका परिवारको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- रोजगारदाता र पत्रकारको पेशागत सुरक्षाका लागि योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आवद्ध हुन मिडिया हाउसलाई अनुरोध गरिनेछ ।
- पत्रकार लेखनवृत्तिलाई निरन्तरता दिइने छ ।
- पत्रकारको भौतिक र पेसागत सुरक्षाका लागि सधैँ कटिवद्ध रहँदै क्षमता र दक्षता अभिवृद्धिको लागि आगामी दिनमा विधागत तालिम सञ्चालनका लागि पहल गर्नेछौं ।
- पेशागत मर्यादा कायम राख्दै व्यावसायिक पत्रकारितामा जोड दिइने छ ।
- पत्रकारिता क्षेत्रमा पत्रकार महिलाहरुको संख्या बृद्धि गर्ने तथा महिलामैत्री वातावरण बनाउने ।
- डिजिटल पत्रकारिता क्षेत्र अभिवृद्धि गर्ने ।
- मिडिया अनुगमनलाई प्रभावकारी बनाइ पत्रकारले पाउनुपर्ने न्यूनतम पारिश्रमिक लगायत अन्य सुविधा कार्यान्वयनका लागि सक्रिय हुनेछौं ।
- पत्रकार महासंघका जिल्ला शाखाहरुका सदस्यहरुसँग सम्बन्ध विस्तार, आपसी सद्भाव अभिवृद्धिका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यसहित अन्तर शाखा भ्रमण गरी अनुभव साटासाट गर्नेछौं ।
- पत्रकार महासंघ कास्कीको भवन मर्मत, सम्भार र अधिकतम् प्रयोगमा ध्यान दिनेछौं ।
- पत्रकार महासंघ गैर नाफामूलक संस्था भएकाले यसको कोष वृद्धिका लागि रचनात्मक काम गरिने छ ।

- पत्रकार, पत्रकारिता र पत्रकार महासंघको संस्थागत विकासमा लागि रहनेछौं ।
- पत्रकार पुस्तकालय (इ-लाइब्रेरी) मा पुस्तक थप गर्दै लैजाने र बाँकी काम सम्पन्न गर्नुपर्नेछ ।

५) नेपाल पत्रकार महासंघ कास्की शाखा यहाँसम्म आइपुग्नुमा अग्रज पत्रकार, सदस्यज्यूहरु, सल्लाहकारज्यू साथै पोखरेली र नेपाली जनताको पनि साथ र सहयोग छ । स्थानीय सरकार पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, जिल्ला जनस्वास्थ्य कार्यालय कास्की, जिल्ला प्रशासन कार्यालय, निर्वाचन आयोग, विभिन्न व्यक्ति, संघ संस्थालाई हार्दिक आभार व्यक्त गर्दछु ।

**मिति २०७७/०१/०७ देखि २०८१/०१/३० गतेसम्म भएका गतिविधि र कार्यक्रम**

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| १ | २०७८/०१/०७ | नयाँ निर्वाचित समितिको पदस्थापन कार्यक्रम सम्पन्न |
| २ | २०७८/०१/१९ | कास्कीका पत्रकारहरुको स्वास्थ्यलाई ध्यान दिँदै नेलम्बो नेपालद्वारा कास्की शाखालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको । |
| ३ | २०७८/०१/२० | कोरोना कहरमा पनि अग्रभागमा खटिएर काम गरेका पत्रकारहरुको स्वास्थ्य संवेदनशीलतालाई ध्यान दिएर प्राप्त स्वास्थ्य सामग्री वितरण गरिएको । |
| ४ | २०७८/०२/०२ | कोरोनाका कारण पत्रकार जगन्नाथ पौडेल गणेशको दुःखद् निधन भएकाले महासंघको भवनमा उहाँको फोटो राखेर श्रद्धाञ्जली अर्पण र १३ औं दिनमा श्रद्धाञ्जली सभा आयोजना । |
| ५ | २०७८/०२/९ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन निर्देशक डाक्टर अर्जुन आचार्य र समाजसेवी मीना गुरुङ (ल्वाङ कास्की घर भई हाल हङकङ) ले स्वास्थ्य सामग्री नेपाल पत्रकार महासंघ कास्कीलाई हस्तान्तरण गर्नुभएको र प्राप्त सामग्री पत्रकारहरुलाई चरण/चरणमा वितरण गरिएको। |
| ६ | २०७८/०२/२९ | नेपाल पत्रकार महासंघ कास्कीको समन्वय र सहजीकरणमा पोखरा महानगरपालिका, जिल्ला जनस्वास्थ्य कार्यालय कास्की र जिल्ला प्रशासन कार्यालय कास्कीको सहयोगमा कास्कीका पत्रकारहरुलाई पत्रकार महासंघ कास्कीकै परिसरमा कोरोना विरुद्धको पहिलो खोप लगाइएको । |
| ७ | २०७८/०३/०४ | कोरोनाका कारण अग्रज पत्रकार यज्ञ बास्तोलाको दुःखद निधन भएको र उहाँको १३ औं दिनको तिथिमा श्रद्धाञ्जली सभा आयोजना । |
| ८ | २०७८/०३/०७ | कोरोना कहरका बेला समस्यामा परको पत्रकाहरुका लागि युवा व्यवसायी किरण बरालबाट ६७ हजार ५ सय बराबरको राहत सामग्री उपलब्ध गराउनु भएको र उक्त सामग्री आवश्यकताका आधारमा १५ जना पत्रकारलाई वितरण गरिएको । |
| ९ | २०७८/०३/२५ | पत्रकार महासंघ कास्कीको समन्वयमा कास्कीका क्रियाशील पत्रकारहरुलाई कोरोनाविरुद्धको दोस्रो खोप लगाइयो । |
| १० | २०७८/०३/३१ | कास्कीका २ सय ३० जना पत्रकारहरुको पारिवारिक स्वास्थ्य बिमा गरिएको र यो कार्यक्रम निरन्तर चलिरहेको । |
| ११ | २०७८/०४/१० | रेडक्रस कास्कीद्वारा मास्क तथा सेनिटाइजर पत्रकार महासंघ कास्कीलाई हस्तान्तरण । |
| १२ | २०७८/०४/१२ | महासंघ कास्कीका साधारण सदस्य रञ्जन अधिकारी र रिर्पोटर्स सेभेन डटकमका संवाददाता सफल सुवेदीबीच समाचार खण्डनको विषयमा भएको विवादमा दुबै पक्षलाई महासंघ कास्कीमा बोलाई छलफल गरी समस्या समाधानमा पहल गरिएको । |

| | | |
|---|---|---|
| १३ | | कास्कीका पत्रकारहरुको क्षमता, दक्षता अभिवृद्धिका लागि आवश्यक तालिम सञ्चालन गर्न पोखरा महानगरपालिकामा पहल गरिएको र आर्थिक वर्ष २०७८/०७९ मा १५ लाख विनियोजन भएकामा सोही रकमबाट डिजिटल तालिम र लेखनवृत्ति सञ्चालन गरिएको । |
| १४ | २०७८/०४/१७ | पत्रकार रञ्जन अधिकारी र ढाकामोहन बरालको विषयलाई लिएर प्रेस चौतारी कास्कीले महासंघ कास्कीको भवनमा तालाबन्दी गरेकोमा लगाइएको ताला खोली सम्बन्धित विषयमा महासंघ कार्य समिति, पूर्वअध्यक्षहरु, सल्लाहकार, अग्रज पत्रकारज्यूसहित सर्वपक्षीय छलफल गरी समस्या समाधान गरिएको |
| १५ | २०७८/०४/१९ | महासंघ कास्कीको आयोजनामा गण्डकी प्रदेश स्तरीय लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी पत्रकारिता विषयक (जुम) तालिम आयोजना गरिएको र उक्त कार्यक्रममा कास्कीका ३० पत्रकार र अन्य जिल्लाबाट २२ जना पत्रकारको सहभागिता रह्यो । |
| १६ | | पहिलो चरणमा कोरोना खोपका लागि राज्यले प्राथमिकतामा राखेका व्यक्तिहरुले खोप पाए/नपाएको विषयमा स्थानीय प्रशासनले अनुगमन गर्दा पत्रकार महासंघ कास्कीबाट उपाध्यक्ष जमुना शर्मा, सदस्यहरु पदम श्रेष्ठ, युनिश गुरुङ सहभागी हुनुभएको । |
| १७ | ०७८/०४/२१ | महासंघ कास्कीका संस्थापक सदस्य तथा अग्रज पत्रकार तिलक आचार्यको निधनमा श्रद्धाञ्जली सभा गरिएको । |
| १८ | ०७८/०४/२९ | नेपाल पत्रकार महासंघ कास्की र सेलर्डको संयुक्त आयोजनामा मानव बेचबिखन तथा बाल संरक्षणसम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न । |
| १९ | २०७८/५/२२ | हरितालिका तीजको अवसरमा शुभकामना आदान प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको |
| २० | २०७८/६/३ | जेसिस सप्ताह २०२१ मा नेपाल पत्रकार महासंघ कास्कीले संविधान, वाक स्वतन्त्रता र आम सञ्चारसम्बन्धी प्रशिक्षण जुममार्फत् सम्पन्न गरेको र कार्यक्रममा करिब १ सय जनाको सहभागिता रहेको । |
| २१ | २०७८/६/७ | महासंघ केन्द्र र कास्कीको संयुक्त आयोजनामा उत्तरदायी पत्रकारिता विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको । |
| २२ | २०७८/६/८ | महासंघ केन्द्र र कास्कीको संयुक्त आयोजनामा गण्डकी प्रदेश सरकारद्वारा प्रस्तावित आमसंचार विधेयक बारे नीतिगत छलफल कार्यक्रम सम्पन्न । |
| २३ | २०७८/७/१० | महासंघ केन्द्रीय समितिका अध्यक्ष विपुल पोखरेल, नेपाल अमेरिका पत्रकार संघ (नेजा) का नवनिर्वाचित अध्यक्ष विकासराज न्यौपाने, पत्रकार महासंघका केन्द्रीय सदस्यहरुलाई महासंघ कास्कीमा स्वागत एवं महासंघको भूमिकालाई कसरी प्रभावकारी बनाउने भन्ने बारेमा छलफल भएको । |
| २४ | २०७८/७/१५ | दसैं, तिहार, नेपाल संवत, छट पर्वलगायत सम्पूर्ण नेपालीका पर्वहरुको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको आतिथ्यतामा सम्पन्न भएको । |
| २५ | २०७८/८/२३ | फ्रि मिडिया नेटवर्कको पैरवी रणनीतिसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको । |
| २६ | २०७८/९/१६ | नेपाल सरकारका गृहमन्त्री बालकृष्ण खाँडसँग महासंघ कास्कीमा पत्रकार भेटघाट कार्यक्रम गरिएको । |
| २७ | २०७८/९/१९ | पत्रकार महासंघ कास्कीको संयोजन तथा प्रेस काउन्सिल नेपालको आयोजनामा पत्रकार आचारसंहिता जागरण कार्यक्रम सम्पन्न । |

| | | |
|---|---|---|
| २८ | २०७८/९/२८ | नेपाल पत्रकार महासंघ केन्द्रको आयोजना तथा पत्रकार महासंघ कास्कीको संयोजनमा ०७८ पुस २८ गते देखि माघ ४ गते सम्म एकहप्ते आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको । तालिममा ४० जना सहभागी भएको । |
| २९ | २०७८/१०/६ | कास्कीका पत्रकारहरुको लागि कोरोना भाइरसविरुद्धको अतिरिक्त खोप (बुस्टर) लगाउने कार्यक्रममा समन्वय गरी महासंघकै हलमा खोप लगाउने व्यवस्था गरिएको । |
| ३० | २०७८/११/२४ | ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा मिडियामा महिला विषयक अन्तर्क्रिया कार्यक्रम भएको र उक्त कार्यक्रममा पत्रकार महिला तथा सरोकारवाला निकायको गुणात्मक सहभागिता रहेको थियो । |
| ३१ | २०७८/११/२४ | महासंघ कास्कीको आयोजना तथा तुलसादेवी हरिहर फाउन्डेसन ललितपुरको सहयोगमा कास्कीका क्रियाशील पत्रकारहरुका लागि आचारसंहिता तालिम सञ्चालन गरिएको । |
| ३२ | २०७८/११/२८ | नेपाल पत्रकार महासंघ कास्की र **Informatics College** बीच मैत्रीपूर्ण फुटबल खेल भएको । |
| ३३ | २०७८/१२/३ | रङहरुको पर्व होलीको अवसरमा कास्कीका पत्रकारहरुबीच शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न । |
| ३४ | २०७८/१२/१६ | नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरमा महामारीमा पत्रकारिता विषयक अन्तर्क्रिया कार्यक्रम गरिएको । |
| ३५ | २०७८/१२/१६ | मीना सिर्जनशील पत्रकारिता पुरस्कार २०७८ पत्रकार रविना आलेलाई अर्पण गरिएको । |
| ३६ | २०७८/१२/२२ | मानव अधिकार सञ्चार प्रतिष्ठान नेपालको आयोजना तथा महासंघ कास्कीको संयोजनमा जनप्रतिनिधिसँग सूचनाको हकसम्बन्धी कार्यशाला गोष्ठी भएको । |
| ३७ | २०७८/१२/२७ | पत्रकार महासंघको स्थापना दिवसको अवसरमा आयोजित एफएनजे राष्ट्रिय फुटसल प्रतियोगितामा पत्रकार महासंघ कास्कीको टोली कार्यसमिति सदस्य धनबहादुर गुरुङ सुमनको नेतृत्वमा सहभागी भएको । |
| ३८ | २०७९/१/२ | नेपाली मुलुकका अमेरिकी सांसद डाक्टर ह्यारी भण्डारीसँग पत्रकार भेटघाट कार्यक्रम भएको । |
| ३९ | २०७९/१/२७ | स्थानीय तह निर्वाचनका लागि पत्रकारलाई निर्वादरुपमा समाचार संकलन तथा सम्प्रेषणका लागि पास वितरणमा सहजीकरण गरिएको । |
| ४० | २०७९/१/२९ | नेपाल पत्रकार महासंघ कास्कीका तत्कालीन कार्यालय सचिव जगत कार्कीलाई महासंघका गरेको योगदानको कदर गर्दै प्रशंसापत्रले सम्मान गरी बिदाइ गरिएको । |
| ४१ | २०७९/१/२९ | नेपाल पत्रकार महासंघ कास्कीले निर्वाचन शिक्षाका लागि नमूना मतदान कार्यक्रम महासंघ कास्कीकै परिसरमा सम्पन्न गरेको । |
| ४२ | २०७९/२/२५ | पोखरा महानगरपालिकाको सहयोगमा नेपाल पत्रकार महासंघ कास्कीले डिजिटल पत्रकारिता तालिम जेठ २५ देखि २७ गतेसम्म गरेको र उद्घाटन सत्रमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रमुख आतिथ्यता गर्नुभएको । |
| ४३ | २०७९/३/०९ | नेपाल पत्रकार महासंघ कास्कीद्वारा संचालित प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान २०७८ (रु. १ लाख १ हजार १ सय ११ राशि) वरिष्ठ पत्रकार बबीता बस्नेतलाई अर्पण गरिएको । |
| ४४ | २०७९/३/१२ | नेपाल पत्रकार महासंघ कास्कीको स्थापना दिवसका अवसरमा महासंघ कास्कीले पोखराको पत्रकारिता, वर्तमान अवस्था र चुनौती विषयक अन्तर्क्रिया गण्डकी प्रदेशका सभामखु नेत्रनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको । |

| | | |
|---|---|---|
| ४५ | २०७९/३/१६ | महिलाहरुको अवस्थाबारे राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली र सदस्य विद्या सिन्हासँग पत्रकार महासंघ कास्कीका अध्यक्षसहितको टोलीले काठमाडौंमा भेटघाट गरी आवश्यक छलफल गरेको । |
| ४६ | २०७९/४/२० | नेपाल पत्रकार महासघ कास्कीद्वारा सञ्चालित गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार २०७७ र २०७८ बाट कास्कीका साधारण सदस्य, फोटो पत्रकार राम गुरुङ र पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सेनालाई गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङको आतिथ्यतामा सम्मान गरिएको । |
| ४७ | २०७९/४/२३ | अमेरिका सरकारको आयोजनामा अमेरिकाको वासिन्टन डिसी, न्यूयोर्क, आयोवा, क्लोराडो क्यार्लिफोनिया लगायतका ठाउँमा भएको इन्टरनेसनल भिजिटर्स लिडरसिप प्रोग्राम (आइभिएलपी)मा पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी सहभागी हुनुभएको र उक्त कार्यक्रमको अवधि १ महिनाको थियो । सो समयमा उपाध्यक्ष रामप्रसाद तिमिल्सेनाले कार्यवहाक अध्यक्ष भइ कार्य सम्पादन गर्नुभएको । |
| ४८ | २०७९/५/०२ | युरोपेली युनियन मिसन टोलीसँग विपत् व्यवस्थापन र सञ्चार शीर्षकमा भावी कार्ययोजना बनाउने सम्बन्धमा नीतिगत छलफल भएको । |
| ४९ | २०७९/०५/०८ | नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा कास्कीका क्रियाशील महिला पत्रकारहरुको बीचमा शुभकामना आदानप्रदान कार्यक्रम, गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री मधुमाया अधिकारी गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको । |
| ५० | २०७९/०५/०९ | नेपाल पत्रकार महासंघ कास्कीको आयोजना तथा जिल्ला प्रहरी कार्यालय कास्कीको सहकार्यमा सञ्चारकर्मीका लागि साइबर सुरक्षा विषयक अभिमुखीकरण कार्यक्रम भएको । |
| ५१ | २०७९/०५/१६ | पत्रकार महासंघको संस्थापक अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठ रहेको र श्रेष्ठलाई नै संस्थापक अध्यक्ष मान्नुपर्ने भन्दै फोनिज कास्कीले पत्रकार महासंघ कास्कीका कार्यवाहाक अध्यक्ष रामप्रसाद तिमिल्सेनालाई ज्ञापनपत्र बुझाएको र ज्ञापनपत्रबारे केन्द्रमा जानकारी गराइएको । |
| ५२ | २०७९/५/२२ | नेपाल पत्रकार महासंघ केन्द्रीय समिति र कास्की शाखाको आयोजनामा ४ दिने एड्भान्स तालिम सम्पन्न भएको र तालिमको उद्घाटन सत्र गण्डकी प्रदेश विकास समिति सभापति दीपक कोइरालाको प्रमुख आतिथ्यमा भएको । |
| ५३ | २०७९/६/९ | डेंगु रोग रोकथाम तथा नियन्त्रणमा सम्बन्धी सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम भएको । |
| ५४ | २०७९/०६/१४ | गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेश सभा मामिलामन्त्री बिन्दुकुमार थापाले इलाइब्रेरी तथा स्रोत केन्द्र शुभारम्भ गर्नुभएको । |
| ५५ | २०७९/०७/१ | Public Dialogue on "Media Accountability" कार्यक्रम सम्पन्न |
| ५६ | २०७९/०७/२५ | निर्वाचन अनुगमनका क्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष कलेन्द्र सेजुवाल, लेखा समिति संयोजक लेखनाथ न्यौपानेसहित गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसी, जिल्ला प्रहरी कार्यालय प्रमुख अजय केसी, मुख्य निर्वाचन अधिकृत प्रकाश खरेललगायतसँग निर्वाचनलाई निस्पक्ष तवरबाट सम्पन्न गर्न छलफल एवं सहकार्य गर्ने प्रतिवद्धता भएको । |
| ५७ | | कास्कीको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मर्यादितरुपमा सञ्चालन गर्न मतदानको दिन पत्रकार/सञ्चारकर्मीको भूमिका विषयक छलफल कार्यक्रम भएको । |
| ५८ | २०७९/०८/१८ | नेपाल पत्रकार महासंघ कास्की र फ्रि मिडिया नेटर्वकको आयोजनामा लैंगिक विभेदमा आधारित हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत लैंगिक हिंसा न्यूनीकरणमा मिडिया र सरोकारवालाको भूमिका विषय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको । |

| | | |
|---|---|---|
| ५९ | २०७९/०८/२३ | नेपाल पत्रकार महासंघ कास्की शाखाको मिति २०७९ मंसिर २१ गते बसेको कार्यसमिति बैठकको निर्णय र नेपाल पत्रकार महासंघको विधानअनुसार २०७९ साल मंसिर २३ गतेदेखि पुस ६ गतेसम्म नयाँ सदस्यताका लागि आह्वानसम्बन्धी सूचना प्रकाशित । |
| ६० | २०७९/०८/२४ | गण्डकी प्रदेश मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यतमा नेपाल पत्रकार महासंघ कास्कीको १६ औं वार्षिक साधारणसभा सम्पन्न । |
| ६१ | २०७९/०८/२४ | नेपाल पत्रकार महासंघ कास्कीले ५ जना विद्यार्थीलाई पत्रकारिता अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न जोन्टा क्लब पोखरा र महासंघबीच छात्रवृत्तिको लागि सम्झौता । |
| ६२ | २०७९/०८/२८ | कोशिस नेपालको आयोजना र नेपाल पत्रकार महासंघ, कास्कीको समन्यवमा "आत्महत्या रोकथामका लागि सम्वेदनशील मिडिया निर्देशिका, २०७९" तयार पारेको । |
| ६३ | २०७९/१०/१ | २०७९ माघ १ गते पोखरामा भएको जहाज दुर्घटनामा निधन भएकाको खोजी, शव व्यवस्थापन र सनाखतका लागि नेपाल पत्रकार महासंघ कास्कीद्वारा सहजीकरण गरिएको । |
| ६४ | २०७९/१०/२ | जहाज दुर्घटनामा परी निधन भएका नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेल एवं सञ्चारकर्मी अनील शाहीप्रति शोक विज्ञप्ति जारी । |
| ६५ | २०७९/१०/३ | जहाज दुर्घटनामा परी निधन भएका नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेलको शव नेपाल पत्रकार महासंघ कास्कीको प्राङ्गणमा ल्याई श्रद्धाञ्जली अर्पण गरी मुस्ताङचोक हुँदै शान्तिघाटमा अन्तिम संस्कार गरिएको र १३ औं दिनमा श्रद्धाञ्जली सभा गरिएको । |
| ६६ | २०७९/१०/९ | माघ १ गते जहाज दुर्घटनामा निधन भएका सञ्चारकर्मी/सञ्चार उद्यमी, रेडियो एपोस्टलका प्रबन्ध निर्देशक अनील शाहीको पोखरा ३ नदीपुर चर्चमा श्रद्धाञ्जली अर्पण । |
| ६७ | २०७९/१०/१३ | माघ १ गते विमान दुर्घटनामा परी निधन भएका पत्रकार त्रिभुवन पौडेल र सञ्चारकर्मी अनील शाहीकोसहित निधन भएका सबैजनाको स्मृतिमा नेपाल पत्रकार महासंघ कास्की र गण्डकी प्रदेश को संयुक्त आयोजनामा श्रद्धाञ्जली सभा एवं दीप प्रज्वलन कार्यक्रम सम्पन्न । |
| ६८ | २०७९/१०/१४ | नेपाल पत्रकार महासंघ कास्कीका कार्यसमिति सदस्य शिवराज बस्ताकोटी शिवदाइले आफ्नो जन्म दिन पारेर महासंघ परिसरमा वृक्षरोपण सुरु गरी त्यसलाई निरन्तरता दिनुभएको । |
| ६९ | २०७९/१०/११ | नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य तथा फेवा टेलिभिजनका समाचार प्रमुख प्रल्हादचन्द्र घिमिरेमाथि समाचार संकलनका क्रममा भएको दुर्व्यवहारको घटनाबारे कास्कीले प्रेस विज्ञप्ति जारी गरी पत्रकार महासंघको समन्वयमा जिल्ला प्रहरी कार्यालय स्याङ्जामा दुबै पक्षबीच छलफल भई मिलापत्र भएको । |
| ७० | २०७९/१०/२५ | नेपाल पत्रकार महासंघ कास्की र फ्रि मिडिया नेटर्वकद्वारा पोखराका पत्रिका, रेडियो, टिभी र अनलाइनमा सम्पादकहरु गरी २४ जनाको उपस्थितिसहित बैठक सम्पन्न । |
| ७१ | २०७९/११/९ | नेपाल पत्रकार महासंघ कास्की र फ्री मिडिया नेटवर्कद्धारा "स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउन सञ्चार क्षेत्रको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न । |
| ७२ | २०७९/११/१९ | ११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा "लैगिंक समानताको बलियो आधार सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" भन्ने राष्ट्रिय नाराका साथै चितवन र कास्की महिला पत्रकारसहित अधिकारकर्मीहरुबीचमा प्रविधिमैत्री सञ्चारमा महिलाको पहुँच विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न । |
| ७३ | २०७९/११/२२ | फागू पूर्णिमाको अवसरमा होली विशेष कार्यक्रम सम्पन्न । |

| | | |
|---|---|---|
| ७४ | २०७९/११/२६ | नेपाल पत्रकार महासंघ कास्कीको आयोजना पोखरा महानगरपालिकाको सहयोगमा क्रियाशील पत्रकारहरुका लागि ३ दिने भाषा सम्पादन तालिम गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीज्यूको प्रमुख आतिथ्यमा उद्घाटन समारोह सम्पन्न र तालिमको प्रमुख प्रशिक्षकमा अग्रज पत्रकार एवं भाषाविद शरच्चन्द्र वस्ती र प्रशिक्षक विमल आचार्य । |
| ७५ | २०७९/११/२८ | नेपाल पत्रकार महासंघ कास्कीको आयोजना पोखरा महानगरपालिकाको सहयोगमा क्रियाशील पत्रकारहरुका लागी सुरु भएको ३ दिने भाषा सम्पादन तालिम पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रमको आयोजना गरी तालिममा सहभागीलाई प्रमाणपत्र एवं प्रमुख प्रशिक्षकमा अग्रज पत्रकार एवं भाषाविद शरच्चन्द्र वस्ती ज्यूको पुस्तक हाम्रो भाषा प्रदान गरी सम्पन्न । |
| ७६ | २०७९/१२/२९ | नेपाल पत्रकार महासंघको ६८ औं स्थापना दिवसको सन्दर्भमा “पोखरा पत्रकारिता सम्मान एवं पुरस्कार वितरण समारोह् २०७९” आयोजना गरी पोखरा पत्रकारिता सम्मान २०७७ (नवीन सिग्दले ), टंकादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार २०७८ (भूपाल गुरुङ) र जगन्नाथ सिग्देल युवा प्रोत्साहन पुरस्कार २०७८ (गौरव त्रिपाठी) र २०७९ (दुर्गा राना मगर) अर्पण कार्यक्रम सम्पन्न । |
| ७७ | २०८०/१/२२ | विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा नेपाल पत्रकार महासंघ कास्कीमा आवद्ध सञ्चारकर्मी हरुलाई निःशुल्क दन्त शिविर सञ्चालन गरिएको र नेलम्बो नेपालको सहयोगमा भएको शिविरबाट कुल १ सय ४२ सञ्चारकमीहरुले सेवा लिएका थिए । |
| ७८ | २०८०/२/४ | नेपाल पत्रकार महासंघ केन्द्रीय साधारणसभाको निर्णयअनुसार सदस्यता शुद्धीकरण मापदण्ड २०७९ अनुसार कास्की शाखाका सदस्यहरुको नामावली फेसबुक पेजमार्फत् सार्वजनिक । |
